# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ६ (संख्या ४) असाड २३ गते २०८०


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको देहाय बमोजिम कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग-२

## महिला तथा युवा संग उपप्रमुख स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०३/०८

**प्रस्तावना,**

नेपालको संविधानको प्रस्तावना तथा मौलिक हकको मर्म र भावना बमोजिम सीप विहिन तथा बेरोजगार महिला र युवाहरुको क्षमता अभिबृद्धि गरि उनीहरुको आय आर्जनमा बृद्धि गरी समतामुलक समाजको रुपमा विकास गर्नुका साथै प्रचलित कानूनले परिभाषित गरेका चामुण्डाबिन्द्रासैनी नगरपालिका भित्रका बेरोजगार महिला तथा युवाहरुलाई आर्थिक, सामाजिक, साँस्करिक एवं सीप विकास लगायत उत्पादनका क्षेत्रमा सहभागी गराई आर्थिक रुपमा सशक्त बनाउन महिला र युवाहरुको प्रतिनिधित्व हुने गरी विकासको मुल प्रवाहमा समावेश गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले

चामुण्डाबिन्द्रासैनी नगरपालिका नगर कार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरि "महिला तथा युवा संग उपप्रमुख स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०८०" बनाइ जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "महिला तथा युवा संग उपप्रमुख स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि नगरकार्यपालिका बाट स्वीकृत भई स्थानीय राज पत्रमा प्रकासित भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "उपप्रमुख" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको (उपप्रमुख) उपमेयर लाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "कार्यक्रम संयोजक" भन्नाले महिला तथा युवा संग उपप्रमुख स्वरोजगार कार्यक्रम संचालनका लागी समितिले तोकेको नगरपालिकाको कर्मचारीलाई सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकालाई सम्झनु पर्छ।

(ङ) "प्रमुख" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।





(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरकार्यापालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(छ) "वडा अध्यक्ष" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नौवटै वडाका वडा अध्यक्षलाई समझनु पर्छ।

(ज) "सभा" भन्नाले चामुण्डाबिन्द्रासैनी नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ।

(झ) "महिला युवती" भन्नाले नेपाली नागरिकता प्राप्त गरि चामुण्डाबिन्द्रासैनी नगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने १६ वर्ष माथि र ४० वर्ष मुनिका महिलाहरुलाई सम्झनु पर्छ।

(ञ) "युवा" भन्नाले नेपाली नागरिकता प्राप्त गरि चामुण्डाबिन्द्रासैनी नगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने १८ वर्ष माथि र ४० वर्ष मुनिका युवाहरुलाई सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले महिला तथा युवा संग उपप्रमुख रोजगार कार्यक्रम कार्यान्वयनका लागी उपप्रमुखको अध्यक्षतामा गठित समितिलाई सम्झनु पर्छ।

(ठ) "सदस्य" भन्नाले कार्यक्रम संचालन समितिमा रहेका सम्पुर्ण समितिका सदस्यहरुलाई सम्झनुपर्छ।

(ड) "लक्षित वर्ग" भन्नाले नेपाली नागरिकता प्राप्त गरि चामुण्डाबिन्द्रासैनी नगरपालिका भित्र स्थायी रुपमा बसोबास गरि रहेका विपन्न समुदायका गरिब, दलित तथा बेरोजगार महिला तथा युवा बर्गलाई सम्झनु पर्छ।

**३. कार्यविधिका लक्ष्य तथा उद्देश्यहरु :** महिला तथा युवा संग उपप्रमुख स्वरोजगार कार्यक्रम संचालनका लक्ष्य तथा उद्धेश्यहरु देहाय बमोजिम रहेका छन।

(क) चामुण्डाबिन्द्रासैनी नगरपालिकाका बेरोजगार वा उद्यमी महिला तथा युवाहरुको तथ्याङ्क संकलन गर्ने।

(ख) बेरोजगार तथा काम विहिन महिलाहरुको निर्वाह मुखी परम्परागत पेशालाई व्यवशाय मुखी बनाइ तथा आधुनिकिकरण गरि आय स्तरमा बृद्धी गर्न सहयोग पुर्याउने,

(ग) बेरोजगार महिला तथा युवालाई आयआर्जन अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्न प्राथमिकताका आधारहरु छनौट गरी नगरसभाबाट आवश्यक बजेट विनियोजनको लागि सिफारिस गर्ने,

(घ) नगरपालिका भित्रका सिप प्राप्त महिला र युवाहरुलाई सरकारी निकाय तथा संघ संस्था संग समन्वय सहकार्य गरि सिप विकास तथा आय आर्जन कार्य, गोष्ठी, अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्ने,

(ङ) लक्षित महिलाका लागि उद्यमशिलता विकास तालिम, बिभिन्न विषयका सीप विकास तालिम, स्वरोजगारमूलक, सशक्तिकरण सीप विकास तथा क्षमता अभिबृद्धि तालिमको पहिचान गर्ने,

(च) परम्परागत कृषि पेसामा आवद्ध महिला तथा युवाहरुलाई आधुनिक व्यवसायमुखी कृषि पेसा तर्फ उन्मुख गराउन आवश्यक तालिम तथा कार्यक्रम सञ्चालन गर्ने,

(छ) लघु तथा घरेलु साना उद्योगहरु स्थापना गरि सञ्चालन गरेका महिला तथा युवा उद्यमीहरुको प्रोत्साहनको लागि आवश्यक अनुदान रकम उपलब्ध गराउने,

(ज) व्यक्तिगत फर्म, समुह तथा सहकारीको माध्यम बाट पशु तथा कृषि जन्य बस्तुको उत्पादकत्वमा बृद्धि गरि भण्डारणका लागी पायक पर्ने स्थानमा संकलन केन्द्र र उपयुक्त स्थानमा कोल्ड स्टोरको स्थापना तथा निर्माण गर्ने, आदी।

**४. कार्यक्रम सञ्चालन समिति सम्बन्धी व्यवस्था :** (१) यस कार्यविधि बमोजिम चामुण्डाबिन्द्रासैनी

नगरपालिका क्षेत्र भित्र लागु हुने महिला तथा युवासँग उपप्रमुख स्वरोजगार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न देहाय बमोजिम एक समिति गठन गरिनेछ।

(क) उप प्रमुख -संयोजक
(ख) आर्थिक विकास समितिका संयोजक -सदस्य
(ग) कार्यपालिकाको महिला सदस्य -सदस्य
"पहिलो संशोधनबाट थप""(कग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य"
(घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य
(ङ) योजना शाखा प्रमुख -सदस्य
(च) महिला तथा वालबालिका शाखा प्रमुख -सदस्य
(छ) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य सचिव

"यस अघि भएको समितिले तोकेको विषयगत शाखाको कर्मचारी भन्ने शब्द पहिलो संशोधनबाट हटाइएको"

(२) महिला तथा युवा सँग उपप्रमुख स्वरोजगार कार्यक्रम सञ्चालन समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि आवश्यक पर्ने श्रोत एवं बजेटको व्यवस्थापन गर्ने,
(ख) कार्यक्रम कार्यान्वयनको शिलसिलामा नगर प्रमुख लगायत कार्यपालिका तथा अन्य संघ संस्थाहरुसँग आवश्यक समन्वय गर्ने,
(ग) आवश्यक श्रोत तथा बजेटको अधिनमा रहि कार्यक्रमको पहिचान गर्ने र प्राथमिकता निर्धारण गर्ने,
(घ) लक्षित महिला एवं बेरोजगार युवाहरुका लागि आवश्यक क्षमता विकास सम्बन्धी तालिमको पहिचान गर्ने र सञ्चालन गर्ने,
(ङ) कार्यक्रम सञ्चालन भए पश्चातको उपलब्धिको विवरण संकलन गर्ने,
(च) नियमित रुपमा समितिको बैठक बस्ने,
(छ) कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन गर्ने तथा आवश्यक पृष्ठपोषण प्रदान गर्ने,
(ज) तालिम सञ्चालनका लागि आवश्यक प्रशिक्षकहरुको व्यवस्था गर्ने,
(झ) कार्यक्रमको प्रगति चौमासिक समिक्षा गरि प्रगति प्रतिवेदन नगर प्रमुख मार्फत कार्यपालिकामा पेस गर्ने, आदी।

**५. कार्यक्रम कार्यान्वयन तथा उद्यमी छनौट प्रकृया सम्बन्धी व्यवस्था :** यस कार्यविधि बमोजिम कार्यक्रममा सहभागि छनौट गर्दा कार्यक्रमका लागि कार्यक्रमको प्रकृति अनुसार देहायको आधारमा प्राथमिकता निर्धारण गरि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भइ आएका सहभागिहरु मध्यवाट गर्नुपर्नेछ :-

(क) अति विपन्न वर्गको महिला तथा युवा,
(ख) सीप विकास सम्बन्धी तालिम प्राप्त भएका तर आर्थिक अभावका कारण व्यवसायमा संलग्न हुन नसकेका महिला तथा युवा,
(ग) अठार देखि पचास वर्ष ननाघेका महिला तथा युवा,
(घ) नगरपालिकामा स्थायी रुपमा बसोवास गरिरहेका महिला तथा युवा,

**६ महिला तथा युवासंग उप प्रमुख स्वरोजगार कार्यक्रमका मुख्य क्रियाकलापहरु :** देहायका क्रियाकलाप संचालनका लागि नगर सभावाट विनियोजित वजेटको परिधि भित्र रही नगर कार्यपालिकाले क्षेत्रगत वजेट विनियोजन गर्ने छ।

(क) विकासको दृष्टिकोणबाट पछि परेका वडाहरुका अति विपन्न, दलित, पिछडा वर्ग, जनजाति, एकल द्वन्द्ध पिडित महिला, सकंटासन्न समुदायका महिला लक्षित कार्यक्रमहरु (उद्यमशीलता, रोजगारीमूलक, सीप विकास र क्षमता अभिवृद्धि सम्बन्धी तालिम, आवश्यकता अनुसार बस्तुगत टेवा र साझा व्यवसायका लागि अनुदान समेत)





(ख) सीप विकास तालिम लिई स्रोत अभावका कारण व्यवसाय संचालन गर्न नसकेका महिलाहरुका लागि उद्योग श्रृजना गरी रोजगारी प्रदान गर्ने,
(ग) नगरपालिकासँग सहकार्यमा महिलालाई स्वरोजगार वनाउन इच्छुक सहकारी, महिला समूह, व्यवसायिक फर्महरुका प्रस्तावका आधारमा कार्यक्रम संचालन सहकार्य गर्ने,
(घ) नगरपालिका, वडा समिति एंव महिला लक्षित काम गर्ने संघ संस्थाहरुबाट यस अघि विभिन्न व्यवसायिक तालिम लिएका तर थप सुविधाको अभावमा व्यवसायिक कार्यलाई अगाडि बढाउन नसकिएको समूह समितिलाई व्यवसायका आधारमा साझा तथा एकल व्यवसायिक अनुदान कार्यक्रम,
(ङ) आधारभूत तालिम लिएका तर स्तरोन्नती तालिमको अभावका कारण श्रम बजारमा स्थापित हुन नसकेका महिलालाई स्तरोन्नति तालिम कार्यक्रम,
(च) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि समन्वय, अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी कार्यहरु।

**७. लाभान्वित हुने संख्या :** (१) दफा (६) अनुसारको स्वरोजगार सहकार्य तथा साझा व्यवसायिक सेवाका लागि बहुउपयोगी अनुदान कार्यक्रम बाट कम्तिमा दश जना महिला प्रत्यक्ष लाभान्वित हुनुपर्नेछ।

(२) प्रस्ताव पेश गर्दा देहाय बमोजिमका कुन क्षेत्र अनुसारको कुन व्यवसाय केन्द्रित हो खुलाउनु पर्नेछ।

(क) कृषि केन्द्रित : महिलाहरुलाई सहकारी र सामूहिक खेती, अर्गानिक, आधुनिक खेती, पशुपालन गरेर केहि उत्पादनमा आत्मनिर्भर हुँदै एकीकृत विकासको काम गर्न सहयोग गर्ने,
(ख) पर्यटन केन्द्रित : महिलाहरुलाई पर्यटनको क्षेत्रमा होमस्टे, ट्रेकिङ ट्राभल व्यवसाय, स्थानीय संस्कृतिमा आधारित पर्यटकलाई आकर्षित गर्ने लगायतका पर्यटन व्यवसाय सञ्चालन गरेर आर्थिक उपार्जन गर्नका लागि स्थानीय महिलाहरुलाई तालिम, विउपूँजी लगायतको सहयोग गर्ने,
(ग) गैरकृषि क्षेत्र : वन पैदावार साथै स्थानीय परिवेश हेरेर माग अनुसारको पेपर उद्योग लगायत गैरकृषि क्षेत्रमा लक्षित महिलालाई तालिम, विउ पूँजी र रोजगारीको व्यवस्था गर्ने
(घ) प्रस्ताव पेश गर्दा समितिवाट तोकिएको ढाँचामा उपशाखामा पेश गर्नुपर्नेछ।

(३) प्रस्ताव पेश गर्दा देहाय बमोजिमका कागजात सहित पेश गर्नुपर्नेछ।

(क)प्रचलित कानुन बमोजिम समूह समिति संस्था गठन भएको प्रमाणको प्रतिलिपि
(ख) करमा दर्ता फर्म भएमा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
(ग) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन
(घ) संजाल, समूह, संस्थाका सञ्चालकहरुको व्यक्तिगत विवरण
(ङ) भौतिक अवस्था देखिने विवरण
(च) जनशक्तिको अवस्था
(छ) संक्षिप्त प्रोफाइल
(ज) कार्यक्रमको प्रस्ताव सञ्चालक समितिले स्वीकृत गरी अनुदान माग गरेको निर्णयको प्रतिलिपि
(झ) संजाल, समूह, संस्थाको विधान र सम्बन्धित वडाको सिफारिस।

(४) स्थानीय स्रोतमा आधारीत र बजारको माग अनुसारको स्तरोन्नती कार्यक्रम उच्च प्राथमिकतामा

रहनेछ ।

**८. अनुदान प्राप्त संजाल/समूह/समिति /सहकारी संस्था/व्यक्तिको दायित्व :** यस कार्यक्रम मार्फत अनुदान प्राप्त गर्ने तथा सहकार्य गर्ने समूह, समिति, सहकारी तथा व्यक्तिले देहायका दायित्व वहन गर्नुपर्नेछ ।

(क) प्राप्त सशर्त अनुदानको हिसाब स्वीकृत लेखा प्रणाली अनुसार पारदर्शी रुपमा राखेको हुनुपर्ने,

(ख) चौमासिक प्रगति प्रतिवेदन समय भुक्तान भएको पाँच दिन भित्र सम्बन्धित शाखामा पेश गर्नुपर्ने,

(ग) अनुदानको रकम सहि सदुपयोग गर्नुपर्नेछ,

(घ) व्यवसाय स्थलमा अनिवार्य सूचना पाटी राख्नुपर्नेछ ।

(ङ) कानून बमोजिम कर कट्टि गरेको हुनुपर्नेछ ।

**९. लेखा परिक्षण :** कार्यक्रमको लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**१०. छनौट एवं मूल्यांकनका आधार :** देहायका आधार मध्ये तालिमको प्रकृति र लक्षित वर्गका आधारमा समितिले तोके बमोजिमको अंक भार लाई आधार मानी सहभागी छनौट गरिनेछ ।

(क) सीपमूलक तालिमका लागि सहभागी छनौट आधार :

(अ) सुकुम्वासी
(आ) एक कट्ठा भन्दा कम जग्गा भएको
(इ) शैक्षिक योग्यता
(ई) उमेर
(उ) लक्षित वर्ग
(ऊ) दलित, जनजाति, आदि
(ए) शैक्षिक बेरोजगार
(ऐ) विद्यालय विमुख किशोरी
(ओ) समितिले आवश्यक देखेको अन्य विषय ।

(ख) यस खण्डमा जुनसुकै कुरा लेखिएको भएता पनि तालिमको प्रकृति र सहभागिको माग निवेदनका आधारमा नगरपालिकामा सो कार्यक्रम संचालन गर्न सम्भाव्य हुने भएमा सवै वडावाट सहभागिताको सुनिश्चता हुनेछ ।

(ग) साझा व्यवसायिक अनुदानका लागि :

(अ) लाभग्राही
(आ) आर्थिक कारोबार
(इ) परिपक्वता संस्था दर्ता र विषयगत अनुभव
(ई) जनशक्ति संख्या
(उ) लागत सहभागीता
(ऊ) स्थानीय साधन स्रोतको उपयोग
( ए) प्रस्तावनाको श्रृजनशीलता

**११. बाधा अड्काउ फुकाउ :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१२. संशोधन र खारेजी :** यो कार्यविधीको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगरकार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।



खण्ड ६ (संख्या ४) असाढ २३ गते २०८०

आज्ञाले
श्याम बहादुर रावत
नि.प्रमुख प्रशासकीय अधिकृत